# शान्ति प्रक्रियाका सम्बन्धमा प्रधानमन्त्री माधव कुमार नेपाल र एनेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) का बीच भएको सहमति

सम्माननीय प्रधानमन्त्री माधव कुमार नेपाल तथा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) का बीच २०६७ साल पुष ३० गते सम्पन्न बैठकमा शान्ति प्रक्रिया लगायतका विविध विषयहरुमा गहन छलफल भयो । बैठकमा शान्ति प्रक्रियालाई सफल तुल्याउन निम्नलिखित निर्णय गरिएको छ :

**निर्णयहरु**

१) नेपालको अन्तरिम संविधान, २०६३, मिति २०६३।८।५ (२१ नोभेम्बर २००६) मा भएको विस्तृत शान्ति सम्झौता, २०६३।८।२२ (८ डिसेम्बर २००६) मा भएको हतियार र सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौता तथा तत्पश्चात् भएका विभिन्न सहमतिहरु समेतले शान्ति प्रक्रियालाई अघि बढाउन महत्वपूर्ण योगदान गरेको तथ्यलाई स्वीकार्दै ती प्रतिको प्रतिबद्धता पुनः व्यक्त गरियो । साथै शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन आवश्यक निर्णय गरी अघि बढ्ने दृढता प्रकट गरियो ।

२) संयुक्त राष्ट्र संघीय मिसन (अनमिन) को नेपालबाट बहिर्गमन पश्चात् पनि शान्ति प्रक्रिया तथा सेना र हतियारको व्यवस्थापन अनुगमनमा कुनै किसिमको समस्या वा अवरोध उत्पन्न हुननदिन अनमिनले हालसम्म गर्दै आएको एनेकपा (माओवादी) का शिविरमा रहेका सातवटा कन्टेनर, हरेक शिविरको सुरक्षाको निमित्त प्रयोग भै आएका हतियारहरु तथा एनेकपा (माओवादी) का नेताहरुको सुरक्षाका लागि बाहिर राखिएका हतियारहरु र छाउनीमा रहेका कन्टेनरको व्यवस्थापनसम्बन्धी अनुगमन, मतभेदको समाधान र विश्वासको वातावरण बनाई राख्ने सबै कार्य अब उप्रान्त विशेष समितिले गर्नेछ । सोको प्रयोजनका लागि विशेष समितिले आफुभित्र र आफ्नो सचिवालयबाट तीन-तीन जना रहने गरी एक संयन्त्र निर्माण गर्नेछ । साथै विशेष समितिबाट आवश्यक जनशक्ति सहितको एउटा संयुक्त टोली गठन गरी हतियार तथा सेनाको व्यवस्थापनसम्बन्धी अनुगमनका लागि तुरुन्तै खटाइने छ । यस सन्दर्भमा यसभन्दा अघि भएका सबै सम्झौता र सहमति सोही अनुरुप संशोधित र परिमार्जित भएको ठहरिने छ ।

३) सेना तथा हतियार व्यवस्थापनको अनुगमनका लागि अनमिनले गरेको कामका लागि धन्यबाद दिदै त्यसले प्रयोग गरिआएका सबै साधन एवं सरसामग्रीहरु शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने कार्यमा प्रयोग गर्न विशेष समितिको मातहतमा रहने गरी नेपाल सरकारलाई हस्तान्तरण गर्न आग्रह गर्ने ।

| | |
|---|---|
| माधवकुमार नेपाल | पुष्पकमल दाहाल (प्रचण्ड) |
| प्रधानमन्त्री | अध्यक्ष |
| नेपाल सरकार | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |

मिति २०६७।९।३०।६

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.smartpdfcreator.com